संवत् २०७५ सालको ऐन नं.........

# प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह रहेको, स्थानीय तहमा समन्वय र अनुगमनको माध्यमबाट जिल्लाको सन्तुलित विकासमा योगदान गर्ने जिम्मेवारी जिल्ला सभा र जिल्ला समन्वय समितिलाई दिइएकाले, जिल्ला सभा तथा जिल्ला समन्वय समितिको बैठक सञ्चालन तथा काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपप्रमुख" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनुपर्छ ।

(ख) "जिल्ला समन्वय अधिकारी" भन्नाले दफा ५ बमोजिमको प्रशासकीय प्रमुखका रुपमा नियुक्त जिल्ला समन्वय अधिकारी सम्झनुपर्छ ।

(ग) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनुपर्छ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) “प्रमुख” भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको प्रमुख सम्झनुपर्छ।

(च) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई सम्झनुपर्छ ।

(छ) “सदस्य” भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनुपर्छ।

(ज) “सभा” भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

(ञ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ट) “स्थानीय तह” भन्नाले यस प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र उपमहानगर पालिका सम्झनुपर्छ ।

परिच्छेद -२

## <u>सभा सम्बन्धी व्यवस्था</u>

३. **<u>सभाको काम, कर्तव्य र अधिकार</u>** : (१) संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला भित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी ती सूचकका आधारमा विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्ग दर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच समन्वय गर्ने,

(ङ) जिल्ला भित्रका स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने ।

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन पेश गर्ने,

(ञ) जिल्ला भित्र गैर सरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरुको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्ला भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्ला भित्रका एक भन्दा बढी स्थानीय तहका प्रभावित हुने आयोजना तथा परियोजना संचालन गर्दा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

(ड) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(ढ) जिल्ला भित्रका स्थानीय तहले बनाएका कानूनहरुको अभिलेखीकरण गर्ने,

(ण) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरी सुझाव सहितको प्रतिवेदन दिने,

(त) आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरू गठन गर्ने,

(थ) जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका वारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यलाई प्रतिवेदन दिने ।

(द) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

(२) सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

(३) सभाले आफ्नो अधिकार क्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई सभाबाट पारित गरी लागू गर्नु पर्नेछ ।

४. **<u>सभाको कोष</u>** : (१) सभाको एउटा कोष हुनेछ ।

(२) सभाको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम, र

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने रकम सभाले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम सरकारी कारोवार गर्ने बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

५. **<u>जिल्ला समन्वय अधिकारी</u>** : (१) सभाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी रहनेछ ।

(२) जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभा र समितिको सचिवको रूपमा काम गर्ने,

(ख) सभा र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) सभाको आर्थिक कारोबारको हिसाव अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने तथा बेरुजु मिनाहाको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

(घ) सभाले गर्नुपर्ने खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,

(ङ) सभा, समिति वा प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-३
## सभा र समितिको बैठक तथा सञ्चालन

६. **सभाको बैठक तथा सञ्चालन** : (१) प्रमुखले गाउँसभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र सभाको पहिलो बैठक बोलाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख निर्वाचित नभएसम्म सभाका सदस्य मध्ये ज्येष्ठ सदस्यले सभाको बैठक बोलाउनेछ ।

(३) सभाको बैठक वर्षको एक पटक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम सभाको बैठक बोलाएको सूचना जिल्ला समन्वय अधिकारीले कम्तीमा बहत्तर घण्टा अघि सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) प्रमुखको निर्देशानुसार जिल्ला समन्वय अधिकारीले बैठकको कार्यसूची र समय तालिका तयार गर्नेछ ।

(६) प्रमुखले कार्यसूची स्वीकृत गरी सभाको बैठक संचालन गर्नेछ र बैठकमा उपस्थित सबै सदस्यले उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ ।

(७) सभाको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा उपप्रमुखले र उपप्रमुख समेतको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(८) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(९) सभाको बैठकको निर्णय सर्वसम्मतिबाट गर्नुपर्नेछ र सर्वसम्मति कायम हुन नसकेमा उक्त बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।

(१०) सभाको बैठकमा निर्णयका लागि पेश भएको विषयमा अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन । तर, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(११) प्रमुखले कुनै विषय निर्णयार्थ पेश गरि सकेपछि सो विषयउपर छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन ।

(१२) सभाको बैठकमा पेश हुने विषयमाथि छलफल गर्ने समय प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ ।

(१३) सभाको बैठक सम्बन्धी अन्य व्यवस्था सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **बैठक स्थगित गर्ने** : बैठक कक्षभित्र अव्यवस्था भई वा हुने सम्भावना भई बैठक नियमित रुपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा प्रमुखले त्यस दिनको कुनै समयसम्म वा बढीमा सात

दिनसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न सक्नेछ । प्रमुखले गरेको त्यस्तो स्थगन उपर कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन ।

८. **<u>समितिको बैठकः</u>** (१) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको बैठक बस्न नसकेमा समितिका एक चौथाई सदस्यले लिखित रुपमा जिल्ला समन्वय अधिकारी मार्फत प्रमुखलाई अनुरोध गरेमा प्रमुखले बैठक बोलाउनु पर्नेछ।

(३) समितिको बैठक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) जिल्ला समन्वय अधिकारीले समितिको बैठक बस्ने सूचना कम्तीमा बहत्तर घण्टा अगावै समितिका सदस्यलाई दिनुपर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूचीसमेत संलग्न गर्नुपर्नेछ ।

(५) समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## बैठक भत्ता तथा सुविधा

९. **सवारी तथा यातायात सुविधाः** बैठक भत्ता जिल्ला सभा तथा जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले बैठकमा भाग लिएको प्रति बैठकको लागि प्रचलित कानून बमोजिम समितिका प्रमुखले पाए सरहको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१०. **सवारी तथा यातायात सुविधाः** (१) प्रमुखलाई समितिले हलुका सवारी चालक सहितको सवारी साधन एक र सोको लागि अनुसूची -१ बमोजिम इन्धन र मोविल उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुविधा उपलब्ध गराइने छैन।

(३) उपप्रमुख तथा सदस्यलाई समितिको बैठकमा भाग लिन जाँदा र आउँदा यातायात प्रयोग गर्नु पर्ने भएमा त्यस्तो उपप्रमुख तथा सदस्यले सार्वजनिक यातायातमा लाग्ने खर्च बरावरको रकम यातायात खर्च वापत पाउनेछन् ।

(४) यातायातको सुविधा नभएको स्थानमा समितिको काम कारवाहीको क्रममा पैदल भ्रमण गर्नु

पर्दा कम्तीमा बीस किलोमिटर प्रति दिनका दरले दैनिक भ्रमण भत्ताको गणना गर्नुपर्नेछ।

**११.** **<u>दैनिक तथा भ्रमण भत्ता</u>** : जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले समितिको कामको सिलसिलामा जिल्ला भित्र भ्रमण गर्नु पर्दा "प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

## परिच्छेद-५

## <u>विविध</u>

**१२.** **<u>सभा तथा समितिमा छलफल गर्न नपाइने</u>** : देहायका विषयमा सभा वा समितिको बैठकमा छलफल गर्न पाइने छैन :-

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,

(ख) कानूनतः गोप्य रहने कुराहरू वा प्रकाशन गर्दा राष्ट्रिय हित विपरित हुने विषय,

(ग) अदालत, स्थानीय न्यायिक समितिमा विचाराधिन विषय,

(घ) सभाले तोके बमोजिमका अन्य विषय ।

**१३.** **<u>प्रतिवेदन दिने</u>** : (१) जिल्ला समन्वय समितिले प्रत्येक चार महिनामा र आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र आफूले गरेका काम कारवाहीको अध्ययन, अनुसन्धान, अनुगमन तथा कार्यक्रमको प्रतिवेदन प्रदेश सरकारको स्थानीय तह हर्ने मन्त्रालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा औंल्याएका सुझाव कार्यान्वयन गर्न प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयले आवश्यक निर्देशन दिनेछ।

**१४.** **<u>सुविधाको दुरुपयोग गर्न नहुने</u>** : यस ऐन बमोजिम प्राप्त सुविधा सम्बन्धित प्रमुख, उपप्रमुख वा सदस्यले मात्र उपयोग गर्न

पाउनेछन् । सम्बन्धित प्रमुख, उपप्रमुख तथा सदस्यहरुले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१५. **<u>सुविधा नपाउने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सभा वा समितिको कुनै सदस्य प्रचलित कानून बमोजिम निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर, फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभर निजले यस ऐन बमोजिमको कुनै सुविधा पाउने छैन र सो अवधिभर सभा वा समितिको बैठकमा भाग लिन पाउने छैन ।

१६. **<u>स्वार्थ बाझिएमा निर्णय प्रक्रियामा भाग लिन नहुने</u>** : सभा वा समितिमा विचाराधिन कुनै विषयमा सभा वा समितिको कुनै सदस्यको हित, सरोकार वा स्वार्थ रही निर्णय प्रभावित हुने भएमा त्यस्तो सदस्यले सभा वा समितिलाई त्यस्तो कुराको पूर्व जानकारी दिई त्यस्तो विषयमा सभा वा समितिबाट गरिने निर्णय प्रक्रियामा भाग लिन हुँदैन ।

१७. **<u>काम कारवाहीमा बाधा नपर्ने</u>** : कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र सभा वा समितिको काम कारवाहीमा बाधा पर्नेछैन ।

१८. **<u>कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने</u>** : सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा प्रदेश नं. ५ प्रदेश सरकारको सहमति लिई आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्नसक्नेछ।

१९. **<u>बचाउ</u>** : यो ऐन बन्नु पूर्व जिल्ला सभा तथा जिल्ला समन्वय समितिबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

(दफा १० सँग सम्बन्धित)

जिल्ला समन्वय समितिका प्रमुखले पाउने इन्धन र मोविल सुविधा

| क्र.सं. | सुविधा पाउने पदाधिकारी | मासिक पेट्रोल/डिजल (लिटरमा) | त्रैमासिक मोविल र ब्रेक आयल (लिटरमा) |
|---|---|---|---|
| १ | प्रमुख | १०० | सवारी साधनको प्रकृति अनुसार आवश्यक हुने परिमाणमा |